जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ८७ पृष्ठः ४ | २०८२ साउन ०६ गते मंगलबार (Tuesday 22 July 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## जनकपुरको होटलमा युवकको हत्या, सिसिटिभी फुटेजको आधारमा युवती पक्राउ



जनकपुरधाम, ५ साउन। नेपाल प्रहरीले महोत्तरीको महोत्तरी गाउँपालिका–१ पर्साका ३१ वर्षीय विमलेश यादवको हत्या आरोपमा एक युवतीलाई पक्राउ गरी सार्वजनिक गरेको छ। यादवको हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले एक युवतीलाई पक्राउ गरी सार्वजनिक गरेको हो। प्रहरीले हत्यामा संलग्न युवतीको नाम र ठेगाना भने खुलाएको छैन। यादवको हत्याको कारण विवाहेत्तर सम्बन्ध रहेको प्रहरीको प्रारम्भिक अनुमान छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायव उपरीक्षक बरुणबहादुर सिंहले यादवको शनिवार राति जनकपुरको होटल एसपी एण्ड गेस्ट हाउसमा छुरा प्रहार गरी एक तलाबाट खसालेर हत्या भएको र हत्यामा उनकै महिला साथी संलग्न रहेको प्रहरीको अनुसन्धानले देखाएको जानकारी दिए। शनिबार राति ९ बजेर ५० मिनेटमा यादव एक युवतीसहित होटेलमा पसेको सिसिटिभी फुटेजमा देखिन्छ। त्यसको करिब ५ घण्टापछि आइतबार बिहान २ बजेर ५७ मिनेटमा यादव नग्न र रक्ताम्मे अवस्थामा होटलको पहिलो तलाबाट खसेको देखिन्छ।

त्यसको पाँच मिनेटपछि युवती तल ओर्लेर दायाँबायाँ, तलमाथि हेर्दै खसेका युवकको छेउबाट भागेको दृश्य सिसिटिभी क्यामेरामा कैद रहेको बताए। आइतबार बिहान पौने ८ बजे प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा यादवको मृत्यु भएको थियो। अनुसन्धानमा संलग्न एक प्रहरी अधिकारीका अनुसार सिसिटिभी फुटेजका आधारमा आरोपीमाथि नै अनुसन्धान केन्द्रित छ।

## ठेक्काको विषयमा झडप, वडा अध्यक्षसहित चार घाइते



**अजय साह**

महोत्तरी, ५ साउन। गौशाला नगरपालिका –५ मा गोरु तथा खसीबजारको ठेक्काको विषयलाई लिएर उत्पन्न विवादमा झडप हुँदा चार जना घाइते भएका छन्। झडपमा परी वडा २ का वडा अध्यक्ष श्यामकुमार मण्डल, स्थानीय विपिन साह, विजय यादव र सुरेन्द्र महतो घाइते भएको इलाका प्रहरी कार्यालय गौशालाले जनाएको छ। स्थानीयहरूका अनुसार गोरु तथा खसीबजारमा दुई पक्ष गौशाला नगरपालिका र निगौल गाई गौशाला दुबैले ठेक्का लगाएको कारण ठेक्का वापतको राजस्व संकलनको विषयमा विवाद उत्पन्न हुँदैआएको छ।

गौशाला नगरपालिका र निगौल गाई गौशालाबिच पशुबजार ठेक्का तथा राजस्व संकलन गर्ने विषयमा विवाद भएको इलाका प्रहरी कार्यालय गौशालाले जनाएको छ। निगौल गाई गौशालाले कर्मचारी खटाएर राजस्व संकलन प्रक्रिया अगाडि बढाउँदा नगर प्रहरीले अवरोध गरेको इलाका प्रहरी कार्यालय गौशालाले जनाएको छ। निगौल गाई गौशालाको कार्यालय र गौशाला नगरपालिकाको कार्यालयबिच २०७० मा गोरु र

**–बाँकी अन्तिम पेजमा**

## शिक्षक आन्दोलनले १२ कक्षाको नतिजामा ढिलाइ

काठमाडौं, ५ साउन। राष्ट्रिय परीक्षा बोर्डले १२ कक्षाको नतिजा साउन अन्तिम साता सार्वजनिक गर्ने तयारी गरेको छ। क्यालेन्डर अनुसार १५ साउनभित्र नतिजा सार्वजनि हुनुपर्ने हो। तर गत २० चैतदेखि २९ दिन लामो शिक्षकहरूले आन्दोलन गरेका कारण नतिजा सार्वजनिकमा ढिलाइ हुने भएको हो। गत ११ वैशाखका लागि तय भएको परीक्षा आन्दोलनका कारण

**–बाँकी दुई पेजमा**




**गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं।**

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**सूचना ! सूचना !! सूचना !!!**

Your gateway to study and work in Japan

**MAA DHAMINI SAGAR INSTITUTE & CONSULTANCY**

Golbazar-06, Siraha (सिद्धार्थ बैंकको छेउमा)
Contact No. 9701032488, 9842826874
+819054858895



**Special Features:**

1. Study Master's in IT (English Medium in Japan)
2. Bachelor's Degree Holders in Any Subject Can Apply
3. +2 (12th Grade) Graduates from Any Stream Eligible
4. No Educational Requirement for Working Visa Application



**Course Start Date : 25 June 25, 2025**
**Apply Now for April 2026 in take**
**Special Offer: No the First 20 student!**
Contact Us: 9842826874, 9817705722
Whatsapp/Line : +81-90-5485-8895

# सम्पादकीय

## राज्यविहीन हुन पुगेका भुटानी शरणार्थी राष्ट्रसंघको नैतिक जिम्मेवारी

भुटानी शासकको 'जाति संहार' नीतिबाट पीडित केही नेपाली भाषी भुटानीहरू पुनः 'घरका न घाट'का बनाइएका छन्। संयुक्त राष्ट्रसंघीय निकायको मध्यस्थतामा अमेरिकामा बसाइएका नेपाली भाषी भुटानीमध्ये केहीलाई अमेरिकी प्रशासनले देश निकाला गरेपछि उनीहरू अहिले राज्यविहीन हुन पुगेका हुन्। 'ह्लोत्साम्पा' भनिने नेपाली भाषी भुटानीहरूलाई भुटानका शासकले सन् १९९०कै दशकमा देशबाट लखेटेका थिए। अल्पसंख्यक नेपाली समुदायविरुद्धको दमन अहिले पनि जारी नै छ। पहिले निकालिएर बीसौं वर्ष नेपालका विभिन्न शिविरमा राखिएका भुटानी शरणार्थीमध्ये १ लाखलाई भुटान फर्काउनुको साटो सन् २००७ पछि राष्ट्रसंघीय निकायको तत्त्वावधानमा अमेरिका लगायतका केही देशहरूमा बसोवास गराइएको थियो।

अमेरिकाले निष्कासन गरेर भुटान पठाएपछि उनीहरूलाई भुटान सरकारले पनि खेद्यो। भारतले उसको भूमिमा आश्रय नदिएपछि उनीहरू नेपाल आए। सन् १९९० तिर सहजरूपमा १ लाखभन्दा बढी नेपाली भाषी भुटानीलाई शरण दिने नेपालले यसपटक भने उनीहरूलाई सहजतापूर्वक स्वागत गर्न सकेन। अमेरिका र भुटानबाट निकालिएकाहरूलाई नेपालले पनि 'डिपोर्ट' गर्ने निर्णय गरेको छ। संयुक्त राष्ट्रसंघीय निकायले बसाएको मुलुकले निकाल्यो, आश्रय दिनुपर्ने भुटानले उल्टै धम्क्याएर लखेट्यो अनि पहिलेकै भुटानी शरणार्थीको बोझबाट चेतेको नेपालले पनि आश्रय दिएन। अब 'राज्यविहीन' हुन पुगेका उनीहरू जाउन् कहाँ ?

नेपालको भुटानसँग सीमा जोडिएको छैन। यसैले भुटानबाट आउनेहरू भारतको बाटो आउँछन्। उनीहरूलाई शरण दिनुपर्ने पहिलो दायित्व यसैले भारतको हो। तर, सन् १९९० तिरजस्तै अहिले पनि भुटानबाट निकालिएकाहरू भारतमा नअडिई नेपाल आउने गर्छन्। नेपाली भाषी भएकाले उनीहरू स्वयंले परिचय नदिँदासम्म पहिचान हुन पनि कठिन हुन्छ। जे होस्, अब नेपालले भावनामा बगेर सन् १९९० ताकाको गल्ती नदोहोऱ्याउने स्पष्ट संकेत देखिएको छ। यस्तो अवस्थामा ती निष्कासित भुटानीहरूको हेरचाह गर्नुपर्ने कर्तव्य संयुक्त राष्ट्रसंघकै हुन्छ। त्यसमाथि उनीहरूलाई अमेरिकामा बसोवास गराउनेमा पनि राष्ट्रसंघकै भूमिका छ। यसैले उनीहरूलाई राज्यविहीन हुन नदिनु राष्ट्रसंघको नैतिक दायित्व पनि हो।

तेस्रो मुलुकले भुटान पठाएको भुटानीहरूलाई नेपालले आश्रय दिएर धान्न सक्तैन। तर, नेपाली भाषी भएका कारण तिनले नेपालमै आश्रय खोज्नु पनि स्वाभाविकै हो। यसैले नेपालले मानवीय नाताले पनि तिनको बिचल्ली हुन नदिन विशेष प्रयास गर्नुपर्छ। नेपालले भुटान फर्काउने प्रयास गर्दा तिनको ज्यान जोखिममा जो पर्छ। राज्यविहीन बनाइएका नेपाली भाषी भुटानीको समस्या जटिल नबन्दै नेपालले तत्काल संयुक्त राष्ट्रसंघसँग संवाद गरेर समाधान निकाल्नु आवश्यक र उचित हुने देखिन्छ। संयुक्त राष्ट्रसंघले पनि राज्यविहीन बनाइका नेपाली भाषी भुटानीलाई बिचल्ली हुनबाट जोगाउने नैतिक तथा अन्तर्राष्ट्रिय दायित्व बोध गरोस्।

# कुलिङ पिरियड : सिद्धान्तबाट बाहिर गइसकेको बहस



कुनालसिंह चौहान

हाल केही दिनयता पत्रपत्रिका, सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा एउटा पदावलीले खुब स्थान तथा चर्चा पाएको देखिन्छ, त्यो पदावली हो— कुलिङ पिरियड। 'संघीय निजामती सेवा विधेयक २०८०' मा समावेश गरिएको एक महत्त्वपूर्ण प्रावधान हो 'कुलिङ पिरियड'को विषय, जुन केही कारणवश अत्यन्तै विवादास्पद बन्न पुगेको देखिन्छ। यो व्यवस्थाले निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट अवकाशप्राप्त व्यक्तिलाई अवकाशपछि निश्चित अवधिसम्म ( प्रस्तावित दुई वर्ष) संवैधानिक निकायहरू तथा अन्य कूटनीतिक तथा सरकारी नियुक्तिमा नियुक्त हुनबाट रोक लगाउने उद्देश्य राख्छ। यसको मुख्य उद्देश्य अवकाशको मुखमा राजनीतिक नेतृत्वलाई प्रभावित पारेर संवैधानिक वा राजनीतिक नियुक्ति हासिल गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्नु र संवैधानिक निकायको निष्पक्षता कायम गर्नु हो। यस विषयको पक्ष तथा विपक्षमा थुप्रै तर्क प्रस्तुत गर्न सकिन्छ। विश्व परिवेशमा यसको प्रयोग कस्तो छ र हाम्रो संवैधानिक व्यवस्थाले यसलाई कसरी अंगीकार गर्छ भन्ने विषयमा यो आलेख केन्द्रित छ।

विश्वका विभिन्न मुलुकमा सरकारी कर्मचारी, राजनीतिज्ञ वा उच्च पदस्थ व्यक्तिहरूको नियुक्तिमा निष्पक्षता कायम गर्नका लागि कुलिङ पिरियडको अवधारणाको प्रयोग गरिन्छ। यस्तो व्यवस्थाले कर्मचारीहरू सेवाबाट बाहिरिएपछि तुरुन्तै प्रभावशाली पदमा नियुक्त हुनबाट रोक्छ, जसले 'स्वार्थको द्वन्द्व' कम गर्छ। संयुक्त राज्य अमेरिकामा संघीय सरकारबाट उच्च कर्मचारीहरू (जस्तै : कार्यकारी तहका कर्मचारी, सैन्य अधिकारी) का लागि 'इथिक्स इन् गभर्नमेन्ट एक्ट १९७८' र अन्य निकायले कुलिङ पिरियड लागु गर्छ। त्यहाँ उच्च सरकारी कर्मचारीले अवकाशपश्चात् एकदेखि दुई वर्षसम्म निजी क्षेत्रमा लबिङ गर्न वा आफ्नो पूर्वकार्यक्षेत्रसँग सम्बन्धित कम्पनीहरूमा काम गर्न नपाउने नियम छ। उदाहरणका लागि रक्षा मन्त्रालयका पूर्वकर्मचारीले रक्षासम्बन्धी कम्पनीमा तुरुन्तै काम गर्न पाउँदैनन्।

युरोपेली संघको सन्दर्भमा हेर्ने हो भने युरोपेली आयोगका आयुक्त र उच्च कर्मचारीका लागि १.५ वर्षदेखि दुई वर्षको कुलिङ पिरियड लागु हुन्छ। यो अवधिमा उनीहरूले आफ्नो पूर्वकार्यक्षेत्रसँग सम्बन्धित निजी कम्पनी वा लबिङ कार्यमा संलग्न हुन पाउँदैनन्। पूर्वयुरोपेली आयुक्तहरूले आफ्नो कार्यकाल समाप्त भएको १८ महिनासम्म निजी क्षेत्रमा समान प्रकृतिको काम गर्न नपाउने नियम छ। यो व्यवस्थालाई 'कोड अफ् कन्डक्ट फर कमिसनर्स'मा समावेश गरिएको छ।

भारतमा 'अल इन्डिया सर्भिसेज ( एआईएस) का कर्मचारीका लागि कुलिङ पिरियडको व्यवस्था छ। अवकाशपश्चात् एक वर्षसम्म उनीहरूले निजी क्षेत्रमा काम गर्न वा राजनीतिक दलमा संलग्न हुन सरकारको पूर्वस्वीकृति लिनुपर्छ। यो नियम 'अल इन्डिया सर्भिसेज (डेथ-कम रिटायरमेन्ट बेनिफिट्स) रुल्स, १९५८' मा उल्लेख छ। भारतमा यो नियम निजामती कर्मचारीका साथै सैन्य र अन्य सरकारी सेवामा पनि लागु हुन्छ। क्यानडामा 'कन्फ्लिक्ट अफ् इन्टेरेस्ट एक्ट' अन्तर्गत सार्वजनिक पदाधिकारीहरू (मन्त्री, सांसद उच्च कर्मचारी)लाई अवकाशपश्चात् १ देखि २ वर्षसम्म लबिङ गतिविधिमा संलग्न हुन वा आफ्नो पूर्वकार्यक्षेत्रसँग सम्बन्धित निजी कम्पनीमा कार्य गर्न निषेध गरिएको छ। यो अवधिमा कुनै कर्मचारीले यस्तो काम गर्न चाहेमा 'कन्फ्लिक्ट अफ् इन्टेरेस्ट एन्ड इथिक्स कमिसनर'को स्वीकृति आवश्यक हुन्छ। यस्तै, प्रकारको व्यवस्था अस्ट्रेलियामा 'कोड अफ् कन्डक्ट अफ् मिनिस्टर्स' र 'पब्लिक सर्भिस एक्ट, १९९९' अन्तर्गत मन्त्री र उच्च सरकारी कर्मचारीले अवकाशपश्चात् १८ महिनासम्म लबिङ वा सम्बन्धित क्षेत्रमा काम गर्न नपाउने नियम रहेको छ।

अब कुलिङ पिरियडको व्यवस्था हाम्रो संवैधानिक व्यवस्था तथा मर्मसँग मेल खाए वा नखाएको सम्बन्धमा विश्लेषण गर्न अपरिहार्य हुन जान्छ। हाम्रो संविधानको धारा १७ मा स्वतन्त्रताको हकबारे व्यवस्था गरिएको छ। धारा १७ को उपधारा (२) को खण्ड (च) मा 'नेपालको कुनै पनि भागमा पेसा, व्यवसाय, रोजगार गर्ने र उद्योग व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता' प्रदान गरिएको छ। त्यसैगरी धारा १८ मा सबै नागरिक (अवकाश प्राप्त कर्मचारी समेत) कानुनका दृष्टिमा समान हुनेछन् भनी समानताको हकबारे उल्लेख गरिएको छ। प्रस्तुत विषयमा सबैभन्दा महत्त्वपूर्ण कानुनी व्यवस्था धारा ४८ को खण्ड (ग) दृष्टिगत गर्नुपर्ने हुन्छ। उक्त खण्डमा 'राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु' नागरिकको कर्तव्य हुने कुरा उल्लेख छ। यस सन्दर्भमा व्यवस्थापिकाले ऐन बनाएर संविधानमा उल्लेख भएको राज्यको चाहनालाई आवधिक रूपमा रोक्न वा बन्देज लगाउने किसिमको कानुन बनाउन पाउने वा नपाउने भन्ने प्रश्नको उत्तर खोज्नुपर्ने देखिन्छ।

कुलिङ पिरियडको व्यवस्था निजामती सेवा ऐनमा राख्नु कतिको उपयुक्त तथा सान्दर्भिक हुन्छ, सोतर्फ खासै विश्लेषण गरेको देखिँदैन। निजामती सेवा ऐनको मुख्य ध्येय भनेको सामान्यतयाः शासन व्यवस्था सञ्चालनको सारथीका रूपमा रहने कर्मचारी प्रशासनलाई सञ्चालित तथा व्यवस्थित गर्नु हो। अब उक्त ऐनमै यसरी बन्देज, रोकथाम लगाउने गरी कुलिङ पिरियडबारे उल्लेख गर्नु भनेको बिहेको निमन्त्रणा पत्रमा मलामी जाने निम्तो समेत उल्लेख गर्नुसरह हो। माथि चर्चा गरिएझैं कुनै पनि मुलुकमा सेवा सञ्चालन व्यवस्थित गर्ने ऐनमा उक्त कुरा उल्लेख गरेको पाइँदैन। प्रायःजसो मुलुकमा या त नियमावली बनाएर कि त आचार संहितासम्बन्धी कानुन बनाएर सो कुरालाई सम्बोधन गरेको पाइन्छ। सामान्यतः ऐनमा मुख्य सारवान् व्यवस्था तथा दण्ड सजायको व्यवस्था उल्लेख गरिन्छ। कुलिङ पिरिड आफैँमा सारवान् विषय हो कि आचार संहिताको विषय हो ? सो सम्बन्धमा हाम्रो कानुन बनाउने निकायको खासै ध्यान पुग्न सकेको देखिँदैन। यसरी मुख्य ऐनमै उक्त व्यवस्था उल्लेख गर्नाले खासगरी अवकाशको मुखमा रहेका कर्मचारीमा अवकाशपछि त दुई वर्षसम्म केही पो गर्न पाइँदैन भन्ने विषादयुक्त सोचको विकास हुनाले नैराश्यता बढ्न सक्ने कुरालाई समेत विचार गर्नुपर्ने हुन्छ।

अर्को महत्त्वपूर्ण प्रश्न विचारणीय के देखिन्छ भने प्रायः मुलुकमा कर्मचारी तथा मन्त्रीहरूको स्वार्थ बाझिने निजी क्षेत्रमा संलग्न हुनबाट तथा लबिङ गर्नबाट कुलिङ पिरियडको व्यवस्थाले रोक लगाएको देखिन्छ। हाम्रो सन्दर्भमा कुलिङ पिरियडलाई लिएर निजी क्षेत्रको विषय मौन छ। यस्तै राज्यको शासन प्रणालीमा वर्षौं बिताएका कर्मचारीको सीप, ज्ञान, कौशलतालाई मुलुकको विकास तथा समृद्धिका लागि प्रयोगमा लिनुपर्नेमा उल्टै रोक तथा बन्देज लगाइएको छन्न ऐनको उद्देश्य संविधानको मर्मविपरीत रहेको हो कि भन्ने आशंका रहन्छ। आफ्नो जीवनको बहुमूल्य समय राज्य सेवामा खर्चिने कर्मचारीले आर्जन गरेको सीप कौशलतालाई राज्यले पुनः अधिकतम प्रयोगमा लिनुको साटो उक्त कुरालाई बन्देज लगाउनु भनेको राज्य तथा शासन व्यवस्थाको नेतृत्व गर्ने निकायमा नैतिकताको खडेरी तथा राजनीतिक अपरिपक्वता रहेको विषयलाई समेत संकेत गर्छ।

अन्त्यमा, प्रस्तुत लेखमा कुलिङ पिरियडको पक्ष तथा विपक्षमा तार्किक विश्लेषण प्रस्तुत गर्नुभन्दा पनि सो सन्दर्भमा विश्वका अन्य मुलुकमा रहेको व्यवस्था तथा सो व्यवस्थालाई संवैधानिक मर्मको तराजुमा तौलिएर विश्लेषणसम्म गरिएको छ। रातोपाटीबाट

## शिक्षक आन्दोलनले...

२१ वैशाखदेखि भएको थियो। परीक्षा ढिलागरी भएकाले नतिजा पनि १० दिन ढिला सार्वजनिक हुने राष्ट्रिय परीक्षा बोर्डका परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माले जानकारी दिए। 'उत्तर पुस्तिका परीक्षणको काम सकिएको छ। अहिले इन्ट्रीको काम धामधम भइरहेको छ। नतिजा साउन अन्तिम साता सार्वजनिक गर्ने तयारी छ,' उनले भने। बोर्डका अनुसार परीक्षामा ५ लाख ११ हजार ५ सय २५ परीक्षार्थी सहभागी भएका थिए।


## सर्टिफिकेट हराएको सूचना

यही मिति २०८२ साउन १ गते गतेका दिन घरबाट सिरहा जाने क्रममा अभिमन्यु कुमार यादव गरेको महत्वपूर्ण सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निवेदकलाई उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गर्दछौं।

**नाम : अभिमन्यु कुमार यादव**
**ठेगाना : नवराजपुर गा.पा.-१, सिरहा**
**(क) सिम्बोल नं. ०१५०२९३४ 'डी' भएको एस.एल.सी.को मार्कसिट**
**(ख) कक्षा १२ को रजिष्ट्रेशन नं. ८०२१६०८१०००१ भएको ट्रान्सक्रिप्ट, प्रोभिजनल र माग्रेसन सर्टिफिकेट**
**मोबाईल नं. :९८२८१२४७०१**


# बसपार्क सञ्चालन नहुँदा बढ्यो दुर्घटनाको जोखिम

**देवराम यादव**

सप्तरी, ५ साउन। निर्माण सम्पन्न भई उद्घाटनसमेत भइसकेको बसपार्क प्रयोगमा नआएपछि राजविराज नगरक्षेत्रमा सवारी पार्किङ गर्दा उक्त क्षेत्रमा दुर्घटनाको जोखिम बढ्दै गएको छ। करिब एक महिनाअघि उद्घाटन भइसकेको राजविराज बसपार्क प्रयोगमा नआउँदा राजविराजबाट चल्ने रात्रिकालीन बस, यात्रुवाहक बस, मालवाहक सवारीलगायत सवारीको पार्किङ जथाभावी गर्ने गरिएको छ।

जसले गर्दा सडक साँघुरो भएर दुर्घटनाको सम्भावना बढेको हो। यस्तै सदरमुकाम राजविराजबाट बाहिरिने र भित्रिने बस र यात्रु बोक्ने अन्य साना सवारीका लागि निर्माण गरिएको सुविधायुक्त राजविराज बसपार्कबाट सञ्चालन नगर्दा तथा पार्किङ नगर्दा राजविराजको मैन सडकबाट बस, माइक्रोबस, टेम्पुलगायतका सवारी साधन सञ्चालन गर्नुका साथै दायाँबायाँ रोकेर यात्रु चढाउने र ओराल्ने कार्यले पनि दुर्घटनाको जोखिम उच्च रहेको स्थानीय सिवु यादवको गुनासो छ।

निर्माण सम्पन्न भई नगरपालिकालाई हस्तान्तरण गरिएको एक महिना पुग्न लाग्दासमेत बस पार्कमा सवारी राखिएको देखिँदैन। राजविराजको चोकहरुमा जथाभावी यात्रुवाहक सानाठुला सवारी सञ्चालन भइरहेको छ। राजविराजको सडकबाटै जथाभावी सवारी साधन सञ्चालन हुदाँ एकातिर दुर्घटनाको सम्भावना अधिक रहँदै आएको छ भने अर्कोतिर सडक साँघुरो भई पैदलयात्रु र व्यापारी समेतलाई ठुलो समस्या परेको स्थानीय व्यापारी बिनोद चौधरी बताउनुहुन्छ।

बसपार्कको निर्माण गर्न सघन सहरी तथा भवन निर्माण आयोजना राजविराजले १५ करोड ६० लाख रुपियाँमा नवनिर्मित बसपार्कको २०७४ साल पुस १९ मा सिनर्जी बिल्डर्स प्रालि कुलेश्वर १४ काठमाडौंले ठेक्का सम्भौता गरेको थियो। राजविराजको राजदेवी चौकस्थित१९ हजार ६ सय ४४२ वर्ग किलोमिटर क्षेत्रफलमा निर्माण गरिएको आधुनिक सुविधासम्पन्न बसपार्कमा सोधपुछ कक्ष तथा मुख्य प्रवेशद्वार, टिकट काउन्टर र बेटिङ एरियासहित शौचालय, वटा पसल, रेष्टुरेन्ट, मिनीमार्केट हल, बैंक ब्रान्च, पाँच तल्ले क्लक टावर, दुईवटा गार्ड हाउस, दुईवटा मेन गेट पब्लिक शौचालय र सर्भिस सेन्टर लगायतको संरचना निर्माण गरिएको छ।

आधुनिक र सुविधायुक्त उक्त बसपार्क सञ्चालनमा ल्याउन सम्बन्धित निकाय र बस तथा साना सवारी व्यवसायीसँग पहल नगरेका कारण बसपार्क अहिलेसम्म सञ्चालनमा नआएर सुनसान रहेको स्थानीय भन्नालाल यादव बताउनुभयो। बसपार्क सञ्चालनमा नआउँदा परेको समस्याबारे इलाका प्रहरी र जिल्ला ट्राफिक प्रहरी कार्यालयले नगरपालिकाको ध्यानाकर्षण गराउँदै आएको छ। कार्यवाहक नगरप्रमुख ईसरत परविनेले नागरिक समाज, बस तथा साना सवारी व्यवसायी संघलगायत सरोकारवालासँग यथाशीघ्र वार्ता गरी बस पार्क सञ्चालनको ठेक्का लगाइने र सञ्चालनमा ल्याउने तयारी भएको बताइन्।

बसपार्कको पहिलो पटक २०४४ सालमा तत्कालीन प्रधानमन्त्री मरिचमान सिंह, दोस्रो पटक २०४६ मा तत्कालीन अञ्चलाधीश सूर्यबहादुर सेन ओली र तेस्रो पटक २०५२ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले पनि शिलान्यास गर्नुभएको थियो।

# मिर्चैया नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मिर्चैया, सिरहा
मधेश प्रदेश, नेपाल

## पोखरी र बजार ठेक्का सम्बन्धी शिलबन्दी बोलपत्र

**चौथौ पटक सूचना प्रकाशन मिति २०८२/०४/०५**

मिर्चैया नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेको सार्वजनिक पोखरी र बजारहरुको शिलबन्दी बोलपत्रद्वारा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले उक्त ठेक्का लिन चाहने इच्छुक फर्म तथा व्यक्तिहरुले निम्न शर्तहरुको अधिनमा रही सूचना प्रकाशित भएको मिति देखि १५ दिन भित्र वोलपत्र खरिद गरी १६ औ दिन दिनको १२ वजेभित्र वोलपत्र दर्ता गर्न सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

**पोखरीहरु**

| सि.नं. | पोखरीको नाम | ठेगाना | न्यूनतम कवोल अंक | बोलपत्र दस्तुर | ठेक्का अवधि |
|---|---|---|---|---|---|
| १. | महेशपुर दहवला वातावरणमैत्री पोखरी नं.२ | १० | ६,२०,४००/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| २. | महेशपुर राजदेवी पोखरी | १० | ६,९६,२००/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| ३ | दहवला पुरानो पोखरी नं.१ | १० | ६,६४,७००/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| ४ | मुसलमान टोलनिरको पोखरी | १२ | ४५,२००/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| ५ | मटीयर्वा डोम्वानिरको पोखरी | ६ | ९,११,२५०/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| ६ | वौली पोखरी | ११ | ५१०००/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| ७ | गदहवा पोखरी सतापुर | ११ | २,९३,०००/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| ८ | मलहनिया नहरनिरको पोखरी | २ | ७२,९००/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| ९ | कंचनपुर गाँउनिरको पोखरी | ११ | २,१८,७००/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| १० | मन्दिरवला पोखरी,रामपुरविर्ता | १ | ४,५२,०००/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| ११ | मिथिलेश्वर गाउँनिरको पोखरी | १० | ७६,५४५/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| १२ | महेशपुर वडा कार्यालयनिरको पोखरी | १० | ३,२८,०००/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| १३ | सलहेश मन्दिर पोखरी रामपुर विर्ता | १ | २,८९,५००/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| १४ | डाकनीथान पोखरी | ११ | ६९,२५५/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| १५ | फुलवरिया वजार शिवमन्दिर पोखरी | ७ | ६९,२५५/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |

**हटिया वजारहरु**

| सि.न. | हटिया वजारको नाम | ठेगाना | न्यूनतम कवोल अंक | बोलपत्र दस्तुर | ठेक्का अवधि |
|---|---|---|---|---|---|
| १. | बाखा वजार | मिर्चैया न.पा.७ | ५०,२००/– | रु.१०००/– | २०८३ असार मशान्तसम्म |
| २. | राघोपुर वजार | मि.न.पा.३ | ८,८३०/– | रु.१०००/– | २०८३ असार मशान्तसम्म |
| ३. | मलहनिया वजार | मि.न.पा.२ | २५,५१५/– | रु.१०००/– | २०८३ असार मशान्तसम्म |

१. वोलपत्र साथ धरौटी वापत आफुले कवोल गरेको कुल रकमको ५ प्रतिशत र विदेशी भए १० प्रतिशत हुने रकम यस मिर्चैया नगरपालिकाको कार्यालय मिर्चैयाको कोड नं. १६–३६५–२३ एन.आई.सि.एसिया बैंक मिर्चैया, सिरहा स्थित रहेको ६६४१४९८७४८५२४००२ धरौटी खातामा रकम जम्मा गरेको सकलै भौचर वा नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त बैंकले जारी गरेको बोलपत्र जारी गर्ने अन्तिम ९० दिन म्याद भएको बैंक जमानत (विडवण्ड) को सक्कल प्रति र नागरिकता प्रतिलिपि शिलबन्दि वोलपत्र साथ संल्गन हुनु पर्नेछ।
२. ठेक्काको न्यूनतम अंकवाट कवोल अंक सुरु हुनेछ।
३. ठेक्का अवधि : पोखरीको हकमा २०८२ श्रावण १ गतेदेखी लागु हुनेगरी २०८७ असार मशान्तसम्म र हटिया वजार मिति २०८२ श्रावण १ गतेदेखी लागु हुनेगरी २०८३ असार मशान्तसम्म हुनेछ र पोखरी ठेकाको कवोल गरेको रकम एकमुष्ट रुपमा वुझाउनुपर्नेछ। पोखरीको ठेक्का स्वीकृत भएपछि आफुले कवोल गरेको रकम सम्झौता अगावै एकमुष्ट कार्यालयमा वा नगरपालिकाको नाममा रहेको खाता नं. ०६६२०५००२९३८७००२ एन.आई.सि.एसिया मिर्चैया बैंक खातामा रकम दाखिला गरेको सक्लै भौचर र मूल्य अभिवृद्धि कर वापतको रकम बुझाएपछि मात्र चलन पूर्जी दिइनेछ।
४. हटिया वजारको हकमा एकमुष्ट रकम बुझाएमा १० प्रतिशत छुट दिनेछ। किस्ता गर्नुपरे नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त गरेको क वर्गको बैंकवाट जारी गरेको वैंक ग्यारेन्टीको सक्कल प्रति वुझाउनुपर्नेछ। पोखरी ठेक्कामा कुनै किसिमको छुट दिइने छैन।
५. मिति २०८२/०४/०५ गतेदेखि २०८२/०४/१९ गतेभित्र रु.१००० को नगदी रसिद लिई यस न.पा.बाट वोलपत्र खरिद गर्न सकिनेछ र मिति २०८२/०४/२० गतेको १२ वजेसम्म यस न.पा.को राजश्व शाखामा वोलपत्र दर्ता गर्नुपर्नेछ। दर्ता हुन आएका वोलपत्रहरु सोहि दिन दिनको दिउसो २ वजे खोलिनेछ। वोलपत्र दाताको प्रतिनिधि उपस्थित नभएपनि वोलपत्र खोल्न वाधा पर्ने छैन।
६. रित पूर्वक प्राप्त नभएको तथा म्याद नाघि आएको वोलपत्र फारम स्वीकृत गरिने छैन।
७. यस कार्यालयको वाकि वक्यौता पेश्की तथा बेरुजु भएको व्यक्तिको वोलपत्र समावेश गरिने छैन।
८. यस सम्बन्धी विस्तृत वुझ्न चाहेमा मिर्चैया नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।
९. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहनेछ।
१०. सूचनामा उल्लेख नभएमा अन्य कुरा प्रचलित ऐन,नियम अनुसार हुनेछ।
११. ठेक्कामा लाग्ने सवै किसिमको कर ठेक्केदार वा संस्था स्वमले वुझाउनुपर्नेछ।

**मिर्चैया नगरपालिका, सिरहा**

# नेपालमा बालविवाहको दर अझै पनि उच्च

काठमाडौं, ५ साउन। नेपालमा बालविवाहको दर अझै पनि उच्च रहेको सरकारी तथ्याङ्कले देखिएको छ। राष्ट्रिय बाल अधिकार परिषद्को बालबालिका सम्बन्धी राष्ट्रिय प्रतिवेदन २०८१ ले नेपालमा अझै पनि बालविवाहको दर उच्च रहेको देखाएको हो। परिषद्का सूचना अधिकारी रामबहादुर चन्दले आज प्रतिनिधिसभाको महिला तथा सामाजिक मामिला समितिको बैठकमा प्रस्तुत गर्नुभएको प्रतिवेदन अनुसार वर्षेनि ५४ हजार जनाभन्दा धेरै बालबालिकाले १८ वर्षभन्दा कम उमेरमै विवाह गर्ने गरेका छन्। बालविवाह गर्नेमध्ये ७ प्रतिशत बालबालिकाको उमेर १० देखि १४ वर्षको हुने गरेको छ। सूचना अधिकारी चन्दले बालबालिकाको स्वास्थ्य सम्बन्धी तथ्याङ्कसमेत चिन्ताजनक रहेको जानकारी दिए। उनले ५ वर्षमुनिका १९ प्रतिशत बालबालिकाको तौल सामान्यभन्दा कम रहेको बताए।

# प्रकाश सपुतको तीज गीतमा रेखा थापाको दुर्गामाता अवतार




काठमाडौं, ५ साउन। प्रकाश सपुतको तीज गीत ‘नाइँ भनेसी नाइँ’को पहिलो झलक सार्वजनिक भएको छ। फस्टलुक पोस्टरमा रेखा थापालाई दुर्गामाताको अवतारमा देख्न सकिन्छ। हातमा त्रिशुल बोकेर क्रोधित मुद्रामा देखिएकी दुर्गामाताको रुपमा रेखा देखिएकी छन्। रोचक कुरा के छ भने, पहिलोपटक रेखाले म्युजिक भिडियोमा अभिनय गरेकी हुन्।

गायक सपुतले रेखालाई आफ्नो म्युजिक भिडियोमा प्रस्तुत गरेर दर्शकलाई ठूलै सरप्राइज दिएका छन्। ‘यसपाली तीजमा हरामीहरूका विरुद्ध सुपरस्टार रेखा थापा’ लेखिएको छ। ‘नाइँ भनेसी नाइँ’ बोलको गीतमा शब्द संगीत प्रकाशकै छ भने स्वर समीक्षा अधिकारी र एलिना चौहानको छ। साउन १६ गते गीत रिलिज हुने गलबन्दी प्रोडक्सनले जनाएको छ। महिला हिंसा, अन्याय र अत्याचारविरुद्धका कथावस्तुमा हामीले रेखालाई देख्दै आएका छौं। ‘महिलाले नो भन्न सिक्नुपर्छ भन्ने हो। जहाँ नारीको सवाल आउँछ, त्यहाँ रेखा थापा उभिन्छ’ रेखाले भनिन्।

समीक्षा र एलिनाविरुद्धका हिंसामा पनि रेखाले आफूलाई उभ्याउँदै आएकी थिइन्। कास्टिङको हिसाबले पनि प्रकाश सपुतले शब्द र संगीतलाई न्याय दिन खोजेको देखिन्छ।

# नागरिकता सिफारिस लिन गएकी किशोरीमाथि यौन दुर्व्यवहार

**सरिशा अछामी**

धनुषा, ५ साउन। धनुषामा नागरिकता सिफारिस लिन गएकी किशोरीमाथि यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले वडाध्यक्षलाई पक्राउ गरेको छ। जनकपुर उपमहानगरपालिका–११ का वडाध्यक्ष अर्जुन चौधरीलाई प्रहरीले पक्राउ गरेको हो। १७ वर्षीया किशोरीमाथि यौन दुर्व्यवहार गरेको आरोपमा उनलाई गत बिहीबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी वरूणबहादुर सिंहले जानकारी दिए। किशोरीले बिहीबार नै कार्यालयमा आएर आफूमाथि यौन दुर्व्यवहार भएको जाहेरी दिएकी थिइन्। उनले आफू नागरिकताको सिफारिस लिन जाँदा यौन दुर्व्यवहार गरेको जाहेरीमा उल्लेख गरेकी छन्।

कक्षा–१२ को परीक्षा दिएर बसेकी किशोरी नागरिकता बनाउन पहिलोपल्ट गत मंगलबार आमासँग वडा कार्यालय पुगेकी थिइन्। उनका बुवा रोजगारीका लागि विदेशमा छन्। उनीहरू पहिला सोही उपमहानगरपालिकाको वडा नम्बर २५ मा बस्थे। अहिले ११ मा बस्छन्। ’बसाइँसराइको कागजात आवश्यक पर्ने भनेपछि त्यो दिन त्यसै फर्किनु पर्‍यो,’ किशोरीले भनिन्, ’हामी दोस्रो दिन बुधबार वडाध्यक्षले भनेअनुसार वडा नम्बर २५ को कार्यालयमा गएर कुराकानी गरेर फर्कियौं।’ वडा नम्बर २५ मा कुराकानी भइसकेको जानकारी किशोरीको आमाले वडाध्यक्ष चौधरीलाई दिइन्। उनले बिहीबार कार्यालयमा आउन भने।

सोही अनुसार बिहीबार बिहानै किशोरी र उनकी आमा वडा कार्यालय पुगे। किशोरीको आमाछोरी वडा कार्यालयमा गएपछि वडाध्यक्ष चौधरीले सचिवलाई बसाइँसराइको कागजात लिन पठाएको उनीहरूले जानकारी दिए। ’मैले बसाइँसराइको कागजात लिन सचिवलाई पठाएको छु। तिम्रो नागरिकता बन्छ। तर मैले जे जे भन्छु त्यो गर्नुपर्छ,’ वडाध्यक्षको भनाइ उद्धृत गर्दै किशोरीले भनिन ’कागजातको विषयमा भनिएको होला भन्ने लागेर हामीले ’हुन्छ’ भनिदियौं।’

सचिवलाई कागजात लिएर फर्किन समय लाग्ने भएपछि वडाध्यक्षले फोन गरेर बोलाउने भनेर आफूहरूलाई त्यसै फर्काइदिएको उनी बताउँछिन्। बिहीबार पनि नागरिकता नबन्ने भयो भन्दै त्यसै फर्किनु पर्‍यो। सोही दिन अपराह्नतिर वडाध्यक्षले आफूलाई फोन गरेर सचिवले बसाइँसराइको कागजात आफ्नो घरमा ल्याइदिएको र लिन आउन भने। वडाध्यक्षले कागजात लिन घरमा बोलाएको किशोरीले आमालाई जानकारी दिइन्। वडाध्यक्षको घर किशोरीको घरबाट १०/१५ मिनेटको दुरीमा पर्छ। नजिकै भएकाले आमाले उनलाई कागजात लिन पठाइन्।

’बसाइँसराइको कागजात लिएर आउनु भन्नुभयो। म एक्लै लिन गएँ,’ उनले भनिन्, ’वडाध्यक्षको घरमा पुग्दा एक जना वृद्ध त्यही थिए। उहाँ सिडिओ हो। तिम्रो नागरिकता उहाँले नै बनाउने हो। जे जे माग्नुहुन्छ त्यो दिनू भनेर भन्नुभयो। हुन्छ भनें।’ उनले थपिन ’म पुगेको एकैछिनमा सिडिओ भनेर चिनाउनु भएको व्यक्ति निस्किनुभयो। त्यसपछि उहाँले कागजात मिलाउँदै छु एकछिन बस्न आग्रह गर्नुभयो।’ किशोरी उनको घरको कोठामा बसिरहेकी थिइन्। वडाध्यक्षले गेट लगाए। किशोरीले किन लगाउनु भएको भनेर प्रश्न गरिन्।

’हाम्रो सूचना लिक हुनसक्छ। त्यसैले लगाएको हुँ भनेर जबाफ दिनुभयो। मैले पत्याएँ,’ किशोरीले भनिन्, ’त्यसपछि तिम्रो कागजात के के छ देखाऊ भनेर भन्नुभयो। मैले मोबाइल खोल्दैथिएँ। मेरो स्तनमा समातेर चुम्न थाल्नुभयो। शरीरका गोप्य अंग छुनुभयो।’

–बाँकी अन्तिम पेजमा

## नागरिकता सिफारिस...

किशोरी उनलाई चिच्याउँदै धकेलेर भाग्न खोजिन्। तर सकिनन्। 'बेस्सरी अंगाल्नु भएको थियो। आफूले भनेअनुसारको गरेमा छिट्टै सिफारिस गरिदिने र राम्रो भविष्य बनाइदिने कुरा गर्नुभयो,' किशोरीले भनिन्, 'सिडिओले भनेको मानेमा झनै सजिलो हुन्छ भन्न थाल्नुभयो।'

आफूले सिफारिस नगरेसम्म नागरिकता नबन्ने भन्दै शरीरका गोप्य अंग छुन थाल्नुभयो। त्यसैबीच जबरजस्ती धकेलेर आफू त्यहाँबाट भागेको किशोरी बताउँछिन्। त्यहाँबाट निस्किनसाथ किशोरीले उनका दाइ र आमालाई फोन गरिन्। उनको दाइले फेरि त्यही वडाध्यक्षको घरमा जान भने। उनी गइन्।

उनका दाजुहरू घर बाहिर बसेका थिए। उनी भित्र जानसाथ वडाध्यक्षले पहिलाकै जस्तो हर्कत गर्न थालेपछि चिच्याइन्। उनी चिच्याएको सुन्नसाथ उनका दाजुहरूले वडाध्यक्षलाई समातेर प्रहरीकोमा पुऱ्याएको उनको भनाइ छ। 'प्रहरीले घटनाबारे सोध्नुभयो। मैले सबै भनिदिएँ,' उनी भन्छिन्, 'त्यसपछि कानुनी कारबाही अगाडि बढ्यो।' प्रहरीले वडाध्यक्षविरुद्ध बालयौन दुर्व्यवहार कसूरमा मुद्दा चलाएको छ। चौधरीविरुद्ध शुक्रबार जिल्ला अदालतबाट ५ दिन म्याद थप गरेर अनुसन्धान भइरहेको डिएसपी सिंहले जानकारी दिए।

### *ठेक्काको विषयमा*

खसीबजार ठेक्काबापतको २५ प्रतिशत रकम निगौल गाई गौशालालाई उपलब्ध गराउने सम्झौता भएको छ। सम्झौताअनुसार निगौल गाई गौशाला व्यवस्थापन कार्यालयले पटक-पटक लिखित तथा मौखिक रूपमा अनुरोध गरेको छ।

तर गौशाला नगरपालिका कार्यालयले ठेक्काबापतको ५ करोडभन्दा बढी बाँकी रहेको रकम दिन नमानेपछि पशुबजार ठेक्का आफैं लगाउने प्रक्रिया अगाडि बढाउँदा नगरपालिकाले अवरोध गरेको निगौल गाई गौशालाको कार्यालय प्रमुख वीरबहादुर चौधरीले बताउनुभयो। राष्ट्रिय सहकारी विकास बोर्डको सञ्चालन तथा व्यवस्थापनमा रहेको निगौल गाई गौशाला व्यवस्थापन कार्यालय गौशालाको नाममा रहेको महोत्तरी जिल्ला गौशाला नगरपालिका वडा नं. ५ कित्ता नं. ८२, ८३, ८४ को २ बिघा १९ कट्ठा ११ धुर जग्गामा गौशाला नगरपालिकाको कार्यालयले गोरु तथा खसी बजार सञ्चालन गर्न ठेक्कामा लगाउने कार्य गर्दैआएको छ। पशुहाट लगाइने ठेक्काबाट २५ प्रतिशत रकम नगरपालिकाले गाई गौशालालाई दिने सहमति गरेको छ ।

निगौल गाई गौशालाले नगरपालिकाले बाँकी रकम समेत उपलब्ध नगराई जबर्जस्ती वजार ठेक्का लगाएर राजस्व असुल्दै आएपछि राष्ट्रिय सहकारी नियमन प्राधिकरणको आदेशअनुसार सो बजारको रकम उठाउन खोजेपछि विवाद सिर्जना भएको स्थानीयको भनाइ छ ।

# मुख्यमन्त्री सिंह हट्ने पक्का ! सहमतिलाई जनमतले कार्यान्वयन गर्नेमा कांग्रेस विश्वस्त

जनकपुरधाम, ५ साउन। मधेश प्रदेशका मुख्यमन्त्री सतीश कुमार सिंह हट्ने पक्का भएको छ। नेपाली कांग्रेसले सहमति कार्यान्वयनमा जोड दिँदै सरकारको नेतृत्व परिवर्तन गर्न दबाब बढाएको छ। प्रदेश सरकार गठन भएको बखत नै सरकारको नेतृत्वमा आलोपालो गर्ने सहमति भएकाले त्यसको कार्यान्वयनमा जनमत इमान्दार हुने कांग्रेसका प्रमुख सचेतक कुमर कान्त झाले बताएका छन्। 'शीर्ष नेतृत्व तहमा जनमतको नेतृत्वमा एक वर्ष सरकार रहने र अर्को वर्ष कांग्रेसले नेतृत्व गर्ने सहमति भएको हो' प्रमुख सचेतक झाले भने, त्यसको कार्यान्वयनमा जनमत पार्टी इमान्दारीपूर्वक लाग्ने छ।



मधेश प्रदेश सरकारको नेतृत्व कांग्रेसले गर्ने वातावरण जनमत पार्टीले बनाउनेमा उनी विश्वस्त देखिए। तर जनमत पार्टी संसदीय दलका नेता समेत रहेका पूर्व मन्त्री महेशप्रसाद यादवले सरकारको नेतृत्व आलोपालो गर्ने कुनै सहमति, सम्झौता नभएको दाबी गरेका छन्। 'मधेश प्रदेशमा सरकारको नेतृत्व आलोपालो गर्ने सहमतिबारे आफूलाई कुनै जानकारी छैन' उनले भने, नेपाली कांग्रेसले अनावश्यक हल्ला मात्र चलाएको छ।

सरकारलाई कमजोर बनाउने काम गठबन्धन दलहरुबाट नहुनुपर्नेमा उनले जोड दिए। यादव दलका नेता रहेपनि सरकारको नेतृत्व सतीश कुमार सिंहले गरिरहेका छन्। कतिपय विषयमा सरकार र जनमतको संसदीय दलबीच तालमेल समेत नभएको देखिन्छ। जनमत पार्टीमा सिंहलाई मुख्यमन्त्री बनाउँदा आन्तरिक विवाद छताछुल्ल नभए पनि भुसको आगो जस्तै सल्किरहेको छ। मुख्यमन्त्री सिंहले पार्टीलाई पाखा लगाएर आफ्‌ना अनुकूल हुने गरी कांग्रेस र एमालेसित मिलेमतो गरी काम गरिरहेको आरोप छ। तर दलका नेता महेशप्रसाद यादवले भने असन्तुष्टिलाई अस्वीकार गरेका छन्। जनमत पार्टीमा सरकारको विषयमा कुनै मतभेद नरहेको जनाउँदै मधेश प्रदेशमा आफ्नो दलले नेतृत्व गर्ने दाबी गरे।

मधेश प्रदेशमा सरकारको नेतृत्व परिवर्तनमा नेकपा एमाले पनि सक्रिय देखिएको छ। संघीय सरकारमा कांग्रेस र एमालेको सहकार्य रहेकाले जनमतको सरकार हटाउन दुबै दलबीच सहकार्य हुने एमालेका नेताहरु बताउँछन्। 'जनता समाजवादी पार्टी (जसपा)नेपालको सरकारलाई हटाएर गठन भएको नयाँ समीकरणमा जनमतले एक वर्ष सरकारको नेतृत्व गर्ने सहमति भएको थियो,' नेकपा एमालेका प्रमुख सचेतक हरिनारायण महतोले भने, सरकारको कार्यकाल १ वर्ष बढी भइसकेकोले जनमत पार्टीले आफै मार्ग प्रशस्त गरेर गठबन्धनको धर्म निर्वाह गर्नुपर्छ।

मुख्यमन्त्री सतीश कुमार सिंहले सरकारको नेतृत्व नछाडे समर्थन फिर्ता लिन कांग्रेस र एमाले अगाडि बढ्ने महतोले बताए। सिंहले सरकार छाडे कांग्रेसले १ वर्ष र त्यसपछिको १ वर्ष एमालेले सरकारको नेतृत्व गर्ने सहमतिलाई पूर्ण पालना गर्नुपर्नेमा उनले जोड दिए। सरकार बाहिर रहेका कांग्रेस र एमालेले नेतृत्व परिवर्तनमा जोडबल गरे पनि मन्त्रीहरु भने मौन देखिएका छन्।

भित्री रुपमा उनीहरु सरकारको नेतृत्व परिवर्तनको पक्षमा देखिएका छैनन्। सरकार परिवर्तन हुनासाथ नेपाली कांग्रेस, नेकपा एमाले, जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा) नेपालको मन्त्री परिवर्तन हुने निश्चित नै रहेको नेताहरु बताउँछन्। एमालेका एकजना सांसदका अनुसार जनमत पार्टीलाई सरकारको नेतृत्वबाट हटाइए कांग्रेस, एमाले गठबन्धनबाट नै हट्ने छ।

जनमत पार्टी कांग्रेस र एमाले गठबन्धनमा सरकारको नेतृत्वमा रहुञ्जेल मात्र रहेको उनको कथन छ। मुख्यमन्त्रीका लागि ठूलो डिल भएकाले सोझै राजीनामा दिने विषय नभएको एमालेका नेताले बताए। मधेश प्रदेशमा सिंह नेतृत्वको तेस्रो सरकार हो। पहिलो पूर्ण पाँच वर्षे कार्यकाल जसपा नेपालका लालबाबु राउतले चलाएका थिए। दोस्रो कार्यकालको पहिलो डेढ वर्ष जसपा नेपालकै सरोज कुमार यादवले चलाएका थिए। जनमत पार्टीलाई सरकारको नेतृत्वबाट हटाइए कांग्रेस र एमालेलाई सरकार गठन गर्न सहज भने देखिदैन।

कांग्रेस, एमालेको गठबन्धनलाई लोसपाले पनि साथ दिने करिब पक्का नै छ। त्यस्तो अवस्थामा पनि बहुमतका लागि चाहिने ५४ सदस्य पुग्ने छैन्।एमालेका १ जना सभामुख र एकजना निलम्बनमा रहेका छन्। त्यसैगरि लोसपाका पनि एकजना निलम्बनमा परेकाले बहुमत पुऱ्याउन जनमत अथवा साना दललाई फकाउनु पर्ने बाध्यता छ।

कांग्रेस र एमाले नेतृत्वमा मधेश प्रदेशमा बन्ने सरकारलाई जसपा नेपाल, माओवादी केन्द्र, नेकपा एस, राप्रपा र नाउपाले समर्थन गर्ने सम्भावना निकै कमजोर छ।

# कक्षाकोठामै मृत फेला परिन् शिक्षिका



**शैलेन्द्र महतो**

जनकपुरधाम, ५ साउन। धनुषाको एक विद्यालयको कक्षा कोठामा झुन्डिएको अवस्थामा एक शिक्षिका मृत फेला परेकी छन्। मिथिला नगरपालिका-८ जमुनिबासस्थित जनता राष्ट्रिय आधारभूत विद्यालयको बाल विकास कक्षा कोठामा झुन्डिएको अवस्थामा एक शिक्षिका मृत फेला परेकी हुन्।

मृतक मिथिला नगरपालिका-८ जमुनिबासकी ३४ वर्षीया विमला कुमारी घोङचिङ मगर भएको खुलेको छ। परिवारजनका अनुसार शिक्षिका मगरले सोही विद्यालयमा बाल विकास कक्षामा पढाउँदै आएकी थिइन्। गत साउन १ गते बिहान करिब ४:४५ बजे जमुनिबासमा विद्यालय कक्षा कोठामा मृत फेला परेपछि घटनाबारे अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जानकारी दिएको छ।

प्रहरीको प्रारम्भिक अनुसन्धानमा मिटरब्याजी जनकपुरधाम उपमहानगरपालिका-९ का ५५ वर्षीय राजकिशोर यादवसँग मृतक मगरले ऋण लिएकी थिइन्। घटनास्थल नजिकै रहेको मगरको ज११ प ७४९२ नम्बरको स्कुटीको डिक्कीबाट प्रहरीले सुसाइड नोट समेत बरामद गरेको जनाएको छ।

घटनामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मिटरब्याजी यादव समेत जोडिएको देखिएकोले उनलाई साउन २ गते नै पक्राउ गरी आत्महत्या दुरुत्साहन मुद्दा चलाइएको धनुषाका प्रहरी प्रवक्ता डिएसपी बरुणबहादुर सिंहले जानकारी दिए। उनका अनुसार मृतक मगरले यादवसँग ३ लाख २० हजार रुपैयाँ ऋण लिएकी थिइन्। ऋण चुक्ता गरिसकेको भए पनि यादवले खाली चेक लिएर ४५ लाख रुपैयाँ उल्लेख गरेर बार्गेनिङ गरिरहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीको भनाइ छ।

यादवले पटक पटक मानसिक यातना, धाक धम्की र बेज्जती गर्ने चेतावनी दिएको अनुसन्धानबाट खुलेको धनुषाका प्रहरी प्रवक्ता डिएसपी सिंहले बताए। यादवको घरबाट प्रहरीले विभिन्न व्यक्तिका नाममा भएका ९ थान सक्कल र प्रतिलिपि तमसुक, २३ थान सक्कलै जग्गाधनी प्रमाणपत्र, विभिन्न बैंक भौचर र चेकहरू समेत बरामद गरेको डिएसपी सिंहले जानकारी दिए। परिवारजनका अनुसार मिटरब्याजी यादवले असार ३२ गते घरमै पुगेर पैसा तिर्न दबाब दिएका थिए। नभए चेक बाउन्स गरेर जेल पठाउने धम्की दिएका थिए। मृतक मगरले ऋण लिएको कुरा परिवारका केही सदस्यले मात्रै थाहा रहेको परिवारजन बताउँछन्।

# लागुऔषध डेनमा प्रहरीको छापा, एक पक्राउ



राजविराज, ५ साउन। राजविराज नगरपालिका- ७ स्थित रंगशाला नजिकै लागुऔषध कारोबार गर्दै आएका एक व्यक्तिलाई प्रहरीले ठूलो परिमाणमा लागुऔषधसहित पक्राउ गरेको छ। विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको प्रहरी टोलीले राज रंगशालाको पूर्वपट्टि दर्शकहरू बस्न बनाइएको भर्याङको पूर्वतर्फ जस्ताले छाएको टहरामा बसोबास गर्ने ५३ वर्षीय कान्छा दाईले परिचित नारायण बहादुर कार्कीको घरमा खानतलासी गर्दा विभिन्न प्रकारका लागुऔषधहरू बरामद गरेको हो।

प्रहरीका अनुसार कार्कीको घरमा गरिएको खानतलासीमा क्याट लेखिएको झोलामा तथा बिछ्यौनाको तल लुकाईछिपाई राखिएको अवस्थामा स्पास्मो प्रोक्सिभन प्लस क्याप्सुल-३८२ वटा, नाईट्राजेपाम ट्याब्लेट्स आइ.पी- १४९ वटा, नाईट्राभेट-१० - १५४ वटा, बरामद गरिएको छ। त्यस्तै, लागुऔषध गाँजा जस्तो देखिने ७९ पिस पुरिया, जम्मा ३११ ग्राम पनि फेला परेको प्रहरीले जनाएको छ। बरामद लागुऔषधसँगै विभिन्न कपडामा राखिएको नेपाली २ लाख ५० हजार ५ सय १० रुपैयाँ नगद र भारतीय रुपैयाँ ६ हजार ३ सच ३० रुपैयाँ पनि फेला परेको छ। साथै विभिन्न कम्पनीका १३ थान मोबाइल फोन समेत प्रहरीले नियन्त्रणमा लिएको छ।

पक्राउ परेका नारायण बहादुर कार्कीमाथि लागुऔषध सम्बन्धी मुद्दामा जिल्ला अदालत सप्तरीबाट म्याद थप गराई अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)